म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २१३ शुक्रबार, ६ चैत २०८२ ने. सं. ११४६ चिल्लागा 20 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अटो दुर्घटनामा ३ जना घाइते

हेटौंडा, ५ चैत/पूर्वपश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-७, लच्कामा सवारी दुर्घटना हुँदा तीनजना घाइते भएका छन् । बुधबार भएको दुर्घटनामा अटोचालक मनहरी गाउँपालिका-७, रमनटार निवासी ३४ वर्षीय अशोक लामा, अटोमा सवार मनहरी-६, नयाँबस्तीका २६ वर्षीय रोशन प्रजा तथा चितवनको राप्ती नगर पालिका-१, लोथर निवासी ५१ वर्षीया सीता कँडेल घाइते भएका हुन् । घाइतेहरुको हात, टाउको, अनुहार र ढाडमा चोट लागेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता नान्तीराज गुरुङले जानकारी दिएका छन् । उनीहरुको मनहरी अस्पतालमा उपचार गरिएको छ । मनहरीबाट लोथरतर्फ जाँदै गरेको ना. २ ह. ५५०२ नम्बरको अटोलाई सोही दिशातर्फ जाँदै गरेको ग. २ च. ७१३८ नम्बरको बोलेरो गाडीले पछाडिबाट ठक्कर दिँदा दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनालगत्तै इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी सहायक निरीक्षक बलिराम साहको नेतृत्वमा ट्राफिकसहितको प्रहरीटोली घटनास्थल पुगेको थियो । प्रहरीले बोलेरो चालक लमजुङको मध्यनेपाल नगरपालिका-८ निवासी ३१ वर्षीय गणेश बोटे र सवारी साधनलाई नियन्त्रणमा लिएको जनाएको छ ।

### बागमतीमा मानवअधिकार उल्लंघनका घटना बढ्दो

# तीन हजारभन्दा बढी पीडित

मनिल महतो

हेटौंडा, ५ चैत/ बागमती प्रदेशमा मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटना बढ्दै गएको पाइएको छ । अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) ले सार्वजनिक गरेको मानवअधिकार वर्ष पुस्तक अनुसार प्रदेशमा सन् २०२५ मा तीन हजार एक सय ९६ जना पीडित भएका छन् ।

इन्सेकका अनुसार सन् २०२४ को तुलनामा सन् २०२५ मा राज्यपक्ष र अन्य पक्षबाट हुने मानवअधिकार उल्लंघनका घटनामा वृद्धि भएको देखिएको छ । सन् २०२४ मा राज्यपक्षबाट तीन सय १३ र अन्य पक्षबाट एक हजार आठ सय ६४ गरी कुल दुई हजार एक सय ७७ जना पीडित भएका थिए । सन् २०२५ मा पीडितमध्ये एक हजार ९५ महिला, दुई हजार ९३ पुरुष, सातजना लैङ्गिक पहिचान नखुलेका र एकजना यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका रहेका छन् ।




राज्यपक्षबाट एक हजार नौ सय ६६ जना जसमा १ सय ८५ महिला र १ हजार सात सय ८१ पुरुष पीडित भएका छन् भने अन्य पक्षबाट नौ सय १० महिला र तीत सय १३ पुरुष प्रभावित भएका छन् । जिल्लागतरुपमा हेर्दा काठमाडौंमा सबैभन्दा धेरै मानव अधिकार उल्लंघनका घटना भएका छन् । यहाँ राज्यपक्षबाट एक हजार आठ सय र अन्य पक्षबाट पाँच सय ५५ गरी कुल दुई हजार तीन सय ५५ घटना भएका छन् । त्यस्तै चितवनमा २ सय ४२, ललितपुरमा ९५, काभ्रेमा ९४, सिन्धुपाल्चोकमा ७७, भक्तपुरमा ७६, धादिङमा ६५, नुवाकोटमा ४७ र मकवानपुरमा ४६ जना पीडित भएका छन् ।

त्यसैगरी रामेछापमा ३५, सिन्धुलीमा ३४, दोलखामा ३३ र सबैभन्दा कम रसुवामा ८ जना पीडित भएको तथ्यांकले देखाएको छ । यद्यपि, बालअधिकार र महिला अधिकार हननका घटनामा केही कमी आएको छ । सन् २०२४ मा ५ सय ५७ बालअधिकार हननका घटना रहेकोमा सन् २०२५ मा घटेर २ सय २९ पुगेको छ । त्यस्तै महिलाअधिकार हननका घटना १ हजार ७७ बाट घटेर ६ सय २० मा झरेको छ । इन्सेक बागमती प्रदेशकाअनुसार जातीय विभेदका तीन वटा घटना दर्ता भएका छन् । प्रदेशमा ४८ जनाको कारागारमा र एक जनाको हिरासतमा ज्यान गएको छ । यसैवर्ष राज्यपक्षबाट ४४ र अन्य पक्षबाट ५० गरी कुल ९४ जनाको हत्या भएको तथ्यांकमा उल्लेख गरिएको छ ।

**मानवअधिकार उल्लंघनका घटना बढ्नु चिन्ताजनकः *मन्त्री बादे***

बागमती प्रदेशका सामाजिक विकासमन्त्री कञ्चनचन्द्र बादेले मानवअधिकार उल्लंघनका घटना बढ्दै जानु चिन्ताजनक रहेको बताएका छन् ।

अन्तरक्रियामा मन्त्री बादेले मानवअधिकार संरक्षणका लागि कानुनी तथा नीतिगत व्यवस्था भएपनि कार्यान्वयन पक्ष कमजोर हुँदा उल्लंघनका घटना दोहोरिने गरेको उल्लेख गरेका छन् । उनले सबै जिम्मेवारपक्षले आफ्ना अधिकार प्रयोग गर्दा अरुको अधिकारमा असर नपर्ने गरी काम गर्नुपर्नेमा जोड दिए । समाज परिवर्तन र सभ्य समाज निर्माणका लागि सामाजिक विकास मन्त्रालयले विभिन्न योजना तर्जुमा गरिरहेको उनको भनाइ छ । मानवअधिकार उल्लंघनका घटना न्यूनीकरणका लागि सरोकारवाला निकायबीच समन्वय र सहकार्य आवश्यक रहेको उनले बताएका छन् ।

त्यसैगरी हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले बागमती प्रदेशमा मानव अधिकार उल्लंघनका घटना बढ्नुले समाजको दिशामाथि प्रश्न उठाएको बताइन् । उनले तथ्यांकमा आएका घटनाबाहेक अन्य धेरै घटना पनि भइरहेका हुनसक्ने उल्लेख गर्दै यसतर्फ राज्य तथा सरोकारवाला सबैको ध्यान जानुपर्नेमा जोड दिइन् । मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले मानवअधिकारले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित विषय समेट्ने भएकाले यसको संरक्षण, प्रवर्द्धन र व्यवस्थापनमा राज्यको मुख्य भूमिका रहने बताए ।

इन्सेक बागमती प्रदेशका अध्यक्ष शिवप्रसाद खकुरालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारका मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेत तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लोकहरि बस्याललगायतले आफ्नो धारणा राखेका थिए ।

# पहिचानको नाममा राजनीति गर्ने प्रवृत्ति त्यागौंः मुख्यमन्त्री बानियाँ




साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जात, धर्म र पहिचानको नाममा राजनीति गर्ने प्रवृत्ति त्यागेर मानवतामा आधारित राजनीति गर्नुपर्नेमा जोड दिएका छन् ।

नेपाल आदिवासी जनजाति महासंघको ११ औं राष्ट्रिय महाधिवेशनलाई बिहीवार काठमाडौंमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले मुलुकमा गणतन्त्र स्थापना भएसँगै सबै जाति र समूदायले समान अधिकार प्राप्त गरेको जिकिर गरे । गणतन्त्र स्थापनापछि जनजाति, मधेशी, मुस्लिम, महिला तथा खसआर्य लगायत सबै समुदायले अधिकार प्राप्त गरेको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले अब अधिकारको मागभन्दा कर्तव्यको प्रभावकारी व्यवस्थापनतर्फ ध्यान दिनुपर्ने बताए ।

उनले समावेशिता र समानुपातिक प्रतिनिधित्व संविधानले सुनिश्चित गरिसकेको भन्दै पहिचानको राजनीति संस्कृति, परम्परा र अस्तित्व जोगाउनका लागि आवश्यक भएपनि विभाजनकारी ढंगले प्रयोग गर्न नहुने धारणा राखेका छन् । उनले सशस्त्र द्वन्द्वकालीन सन्दर्भ उल्लेख गर्दै त्यस समयमा जातीय पहिचानभन्दा माथि उठेर सेना, प्रहरी र सर्वसाधारण नागरिकको ज्यान गएको स्मरण गराए ।

मुख्यमन्त्री बानियाँले भने, 'गणतन्त्रले सबैलाई अधिकार दियो । जनजातिलाई दियो, मधेशीलाई दियो, मुस्लिमलाई दियो, महिलालाई दियो, खसआर्यलाई दियो । सबैले अधिकार पायो । अन्तिम सत्य के हो भने हामी सबैभित्र मानवता छ । यो जातको नाममा, धर्मको नाममा राजनीति होइन । राजनीति मानवताको आधारमा हो ।'

उनले अगाडि भने 'अहिले यो जात र धर्मको समावेशिता के को लागि भन्दा हाम्रो पहिचान र हाम्रो अस्तित्वको लागि हो । हाम्रो संस्कृति र परम्पराको जगेर्नाको लागि चाहिएको हो । नत्र भने सशस्त्र विद्रोहको क्रममा कुन जातको मर्यो भनेर कसले हेरेको थियो ? सेना, प्रहरी र आमनागरिक मरेका थिए । त्यसरी मान्छे मर्नु हुदैन भनेर शान्तिसम्झौता गरिएको हो । तर, जातको पहिचान, जातको अस्तित्व समावेशी र समानुपातिक प्रतिनिधित्व यो संविधानले सुनिश्चित गरेको हो ।

त्यसैले अब हामीले सधैं अधिकारको लडाईं लड्ने होइन कर्तव्यको व्यवस्थापन गरेर जाने हो ।' सबै वर्ग र समुदायको अधिकारको कार्यान्वयनसँगै मुलुकको समृद्धिका लागि एकतावद्ध भएर अघि बढ्नुपर्ने आजको आवश्यकता रहेको उनको भनाई छ ।

# शिक्षकको पेशागत विकासका लागि तालिम



साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ शिक्षकको पेशागत विकासका लागि मकवानपुर बहुमुखी क्याम्पसमा कार्यशालाको सुरुवात भएको छ । विश्वविद्यालय अनुदान आयोगसँगको सहकार्यमा मकवानपुर बहुमुखी क्याम्पसले आयोजना गरेको कार्यशालामा बागमती र मधेश प्रदेशका सामुदायिक क्याम्पसका ३० जनाको सहभागिता रहेको छ ।

मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्त पौडेलको अध्यक्षता तथा विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव प्राडा. ज्ञानबहादुर थापाको प्रमुख आतिथ्यमा कार्यशालाको उद्घाटन भएको हो । मकवानपुर बहुमुखी क्याम्पसमै सुरु भएको कार्यशाला ६ दिन सञ्चालन हुनेछ । कार्यशालामा मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवालले वर्तमान विश्व र हाम्रो परिवेश अनुसार प्राध्यापकको क्षमता विकास गर्ने उद्देश्यले कार्यशालाको आयोजना गरिएको जानकारी दिए । प्राध्यापकको क्षमता विकास हुँदै गर्दा विद्यार्थीले लाभ हासिल गर्ने अपेक्षा गरिएको क्याम्पस प्रमुख सिलवालले बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव प्राडा थापाले मानव सभ्यताको विकासको अवधिदेखि तालिम भइरहेको र प्राध्यापकका लागि आयोजित तालिम सहशिक्षा र स्वस्तरीकरणको अवसरको रुपमा सदुपयोग गर्न सहभागी प्राध्यापकसँग आग्रह गरेका छन् । उच्चशिक्षामा शिक्षक जनशक्ति नै महत्वपूर्ण पक्ष भएको दावी गर्दै उनले शिक्षकमा लगानी गर्नुपर्ने, शिक्षकको सम्मान बढाउनुपर्ने आवश्यकता औंल्याएका छन् । उच्चशिक्षालाई समाज र औद्योगिक विकाससँग जोड्नुपर्ने बताउँदै उनले शिक्षाको विकास नभई समग्र विकास हुन नसक्ने स्पष्ट पारे ।

कार्यक्रममा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा प्रदीप ज्ञवालीले विश्वविद्यालय अनुदान आयोगले प्रतिष्ठानलाई नचिन्ने भन्दै दुखेसो गरेका छन् । उच्चशिक्षामा प्रतिष्ठानको योगदानलाई बिर्सेर सहकार्य नै नगर्नु स्वभाविक नभएको उनको भनाइ थियो ।

कार्यक्रममा क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष अशोक शाक्य, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, पब्लिक क्याम्पस प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईका अध्यक्ष घनश्याम घिमिरेको आतिथ्य रहेको थियो ।

### २८ वटा परीक्षा केन्द्र तोकियो

# मकवानपुरमा एसईई परीक्षार्थी घटे




साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/चैत्र १९ गतेदेखि सुरु हुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा मकवानपुर जिल्लाबाट यसवर्ष ७ हजार १९२ परीक्षार्थी सहभागी हुने भएका छन् ।

गतवर्षको तुलनामा यसवर्ष परीक्षार्थी संख्या घटेको देखिएको छ । अघिल्लो वर्ष जिल्लाबाट ७ हजार ४५६ विद्यार्थी एसईईमा सहभागी भएका थिए । मकवानपुर जिल्लास्थित १ सय ५ वटा सामुदायिक तथा ३७ वटा संस्थागत विद्यालयका छात्रछात्रा यसवर्षको एसईई परीक्षामा सहभागी हुन लागेको जानकारी दिदै शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख सुदीप गिरीले अधिकांश विद्यालयले योग्यता परीक्षामै कम विद्यार्थी सहभागी गराउनाले संख्या कमी हुँदै आएको बताए ।

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका अनुसार नियमिततर्फ ५ हजार ५२७ र ग्रेडवृद्धितर्फ १ हजार ६५ जना गरी कुल ७ हजार १९२ परीक्षार्थीले परीक्षा दिने तयारी गरेका छन् । त्यसैगरी एसईईको लागि जिल्लामा २८ केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय इकाईले जनाएको छ । यसवर्ष मकवानपुरमा बागमती गाउँपालिकाअन्तर्गत जनता मावि फापरबारी, बकैया गाउँपालिका अन्तर्गत बुद्ध मावि हात्तीसुडेँ र महेन्द्र मावि छतिवन, थाहा नगरपालिकाको जनकल्याण मावि पालुङ, मत्स्यनारायण मावि सोल्टु तथा बज्रबाराही माविमा परीक्षा केन्द्र तोकिएको छ ।

त्यस्तै महेन्द्र मावि भीमफेदी, सरस्वती बालबोधीनी मावि मार्खु, राष्ट्रिय रोटरी मावि मनहरी, महेन्द्रकिरण माध्यमिक विद्यालय ज्यामिरे मनहरी, महेन्द्रकिरण माध्यमिक विद्यालय हेटौंडा-३ बसामाडी, निर्मल माध्यमिक विद्यालय बस्तिपुर, वंशगोपाल माध्यमिक विद्यालय चौघडा, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय हेटौंडा-४, ज्ञानदा मावि हेटौंडा-१०, बालज्योति माध्यमिक विद्यालय हेटौंडा-५ पिप्ले, सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२, भुटनदेवी मावि हेटौंडा-४, जि एस निकेतन हेटौंडा-५, सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी हेटौंडा-१०, प्रगति मावि हेटौंडा-९, जनप्रिय मावि हेटौंडा-१६, अमर मावि हेटौंडा-१, श्रमिक मावि हेटौंडा-४, चन्द्रोदय मावि हेटौंडा-८ परीक्षा केन्द्र तोकिएको छ ।

प्रजा जागृति मावि राक्सिराङ र कैलाश गाउँपालिका-९ नामटारमा रहेको कालिका मावि गरी २८ परीक्षा केन्द्र निर्धारण गरिएको छ । श्रमिकमा मकवानपुरका प्रविधिक धारमा पढाइ हुने विद्यालयको मात्र परीक्षा केन्द्र निर्धारण गरिएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# स्थानीय तहमा वित्तीय अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहमा जाने अनुदान कटौती नगर्न सुझाएको छ । आगामी आर्थिक वर्ष २०८३/८४ मा स्थानीय र प्रदेश सरकारलाई कुल १ खर्ब ५१ अर्ब ७० करोड ७८ लाख रुपैयाँ बराबर वित्तीय समानीकरण अनुदान प्रदान गर्न आयोगले नेपाल सरकारलाई यस्तो सिफारिस गरेको हो । आयोगका अनुसार आगामी आव ७ प्रदेशमा ६१ अर्ब ५० लाख ३२ हजार र ७ सय ५३ स्थानीय स्थानीय तहलाई ९० अर्ब २० करोड ४६ लाख बराबर वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस गरेको हो । वित्तीय समानीकरण अनुदान निशर्त अनुदान हो । जसलाई तल्ला सरकारले आफ्नो बजेटअनुसार खर्च गर्न सक्छन् । वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य प्रदेश र स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाइ सन्तुलन कायम गर्नु हो । आयोगकाअनुसार आगामी आर्थिक वर्षका लागि चालु आवको तुलनामा सामान्य बढ्ने गरी अनुदान सिफारिस गरिएको छ । चालु आवका लागि आयोगले कुल १ खर्ब ४९ अर्ब ६२ करोड ८० लाख रुपैयाँ वित्तीय समानीकरण अनुदान सिफारिस गरेको थियो । जसमध्ये प्रदेश सरकारका हकमा ६० अर्ब ६६ करोड र स्थानीय तहका हकमा ८८ अर्ब ९६ करोड ८० लाख अनुदान सिफारिस भएको थियो ।

आयोगकाअनुसार यसवर्ष वित्तीय समानीकरणमा न्यूनतम सीमा ७ करोड राखिएको छ । आयोगले वित्तीय समानीकरण अनुदानका लागि न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्यांकन आधार मानेर गणना गर्छ । सोही आधारमा गणना गर्दा कुल ४० स्थानीय तहले ७ करोड रुपैयाँभन्दा कम रकम पाउने देखिएको थियो । तर, स्थानीय तहले संविधानप्रदत्त कार्य जिम्मेवारी पूरागर्न यो रकम पर्याप्त नहुने ठहर गरी आयोगले महानगरपालिकाको सूत्रबापत रकममा १०.८० प्रतिशतले कटौती गरी सोही रकम अपुग ४० स्थानीय तहलाई थप गरी न्यूनतम ७ करोडको सीमा पुर्‍याएको आयोगले जनाएको छ । वित्त आयोगले कुल तीन प्रकारका आधारमा वित्तीय समानीकरण अनुदान निर्धारण गर्छ । त्यसमध्ये पहिलो आधार न्यूनतम अनुदान हो । ७ प्रदेशका लागि न्यूनतम वित्तीय समानीकरण अनुदान कुल १५ अर्ब ३७ करोड ५८ लाख निर्धारण गरिएको छ । जुन प्रदेशले पाउने कुल वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत हो । जसमा जनसंख्या र क्षेत्रफललाई ५०/५० प्रतिशत भार दिई प्रदेशले पाउने न्यूनतम हिस्सा निर्धारण गरिएको छ । यसअनुसार सबैभन्दा धेरै कोशी प्रदेशले २ अर्ब ८२ करोड र सबैभन्दा कम कर्णाली प्रदेशले १ अर्ब ७८ अर्ब रुपैयाँ पाउने छन् । स्थानीय तहका लागि न्यूनतम अनुदान कुल ३० अर्ब ८३ करोड छुट्याइएको छ । यो स्थानीय तहले पाउने न्यूनतम वित्तीय समानीकरण अनुदानको ३४.१८ प्रतिशत हिस्सा हो । स्थानीय तहका हकमा १० हजारभन्दा कम जनसंख्या भएको स्थानीय तहले १ करोड ७५ लाख न्यूनतम अनुदान पाउने छन् । २ लाख भन्दा बढी जनसंख्या भएको स्थानीय तहले ६ करोड ७५ लाख रुपैयाँ न्यूनतम अनुदान पाउने गरी निर्धारण गरिएको छ । सूत्रमा आधारित अनुदानतर्फ सबैभन्दा धेरै रकम राखेर अनुदान सिफारिस गरिन्छ । जसमा मानव विकास सूचकांक, आर्थिक सामाजिक असमानता, पूर्वाधार विकासको अवस्था र खर्चको आवश्यकतालाई छुट्टाछुट्टै भार दिएर सूत्र निकाल्ने गरिन्छ । प्रदेशहरुले सुत्रमा आधारित अनुदानतर्फ ४३ अर्ब ६६ करोड पाउने छन् ।

यसमा सबैभन्दा धेरै कर्णालीले ८ अर्ब ५४ करोड रुपैयाँ पाउने भएको छ । स्थानीय तहका हकमा सूत्रमा आधारित अनुदान ५५ अर्ब ७६ करोड सिफारिस गरिएको छ । तेस्रो अनुदान कार्यसम्पादन मूल्यांकनमा आधारित हुन्छ । जसका लागि स्थानीय तहलाई ३ अर्ब ६० करोड र प्रदेशलाई २ अर्ब ४६ करोड अनुदान सिफारिस गरी कुल ६ अर्ब ६ करोड अनुदान सिफारिस गरिएको छ । प्रदेशको कार्यसम्पादन मूल्यांकनलाई ११ सूचक र स्थानीय तहका हकमा १७ वटा सूचक तयगरी अंकभार दिने गरिन्छ । जसको नतिजा आयोगले यसअघि नै सार्वजनिक गरेको थियो । वित्त आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा अन्य तीन प्रकारका अनुदान ससर्त, समपूरक र विशेष अनुदानलाई न्यूनगर्न सुझाव दिएको छ । बरु त्यसबाट प्राप्त हुने रकम समेत वित्तीय समानीकरण अनुदानका माध्यमबाटै पठाउन सुझाव दिएको छ । यस्तो अनुदान राष्ट्रियरुपमा पछाडि परेका प्रदेश र स्थानीय तहलाई राष्ट्रियऔसतको स्तरमा ल्याउन खर्च गर्नसमेत आयोगले भनेको छ । आयोगले स्थानीय र प्रदेश सरकारबाट यस्तो अनुदान रकम सामान्य प्रशासनिक खर्चमा उपयोग गर्न नहुने स्पष्ट पारेको छ । पारिश्रमिक, भ्रमण, विविधखर्च, सभा सञ्चालन, उपदान सहित कार्यक्रममा आफ्नै आन्तरिक स्रोतबाट खर्चको जोहो गर्न आयोगले सचेत गराएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत ७ गते शनिबार २१ मार्च २०२६ । तृतीया, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:९ सूर्यास्त ६:१५ । मत्स्यनारायण मेला । मत्स्यजयन्ती । अन्तर्राष्ट्रिय जातिय उत्पीडन विरुद्धको दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# नेपालको ‘ग्रोथ ट्र्याप’ र बहुमतको सरकार



✍ राजन कुमार झा

आज छोराछोरी विकसित देश पुग्दा गर्व गर्ने र भविष्य सुरक्षित भएको ठानेर ढुक्क हुने मानसिकता अनि खाडीको भिसा लाग्नुलाई नै पनि सफलता मान्ने हाम्रो समाज देख्दा मनमा केही प्रश्न अनायासै तेर्सिन्छन् । आखिर कहिलेसम्म आफ्ना छोराछोरीलाई परदेश पठाएर गर्व गरिरहने ? के हामी सधैं युवा निर्यात र सामान आयात गर्ने निरीह राष्ट्रकै रूपमा बाँचिर हने हो ? विगतमा कयौं सरकार र बजेट फेरिए पनि हामी भुइँमान्छेको अवस्था जहाँको त्यहीं हुनुको कारण के होला ? पसिना बगाउने किसान र उत्पादकले मल, अनुदान, सहुलियत र बजार नपाउने तर कागज मिलाउने टाठाबाठा र बिचौलियाले मात्रै सबैथोक कुम्ल्याउने यो कस्तो अर्थतन्त्र हो ? आफ्नै देशमा केही गरौं भन्ने उद्यमीले पाइलैपिच्छे प्रशासनिक हन्डर मात्रै किन खानुपर्ने ? यतिबेला बैंकको ब्याजदर सस्तो हुँदा पनि लगानी गर्न लगानीकर्ताले किन हिम्मत गर्न नसकेका होलान् ? आखिर यो आर्थिक दुर्गतिका लागि हाम्रा नीति निर्माता जिम्मेवार छन् कि नीति नै कब्जा गर्ने स्वार्थ समूह ?

यी साधारण लाग्ने तर गम्भीर प्रश्नहरूको उत्तर खोज्न हामीले दशकौंदेखि अर्थतन्त्रलाई गाँजिरहेको ‘ग्रोथ ट्र्याप’ को निर्मम विश्लेषण गर्नैपर्छ । अर्थशास्त्रमा ग्रोथ ट्र्याप भन्नाले संरचनात्मक कमजोरी र न्यून उत्पादकत्वका कारण अर्थतन्त्र लामो समयसम्म एउटा गतिहीन अवस्थामा खुम्चिरहने प्रक्रियालाई जनाउँछ । नेपाल अहिले ठ्याक्कै यही चेपुवामा छ । सरकारले १६औं राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६) मार्फत ७ प्रतिशत आर्थिक वृद्धिको महत्त्वाकांक्षी लक्ष्य तय गरिर हँदा विश्व बैंकको पछिल्लो ‘ग्लोबल इकोनोमिक प्रोस्पेक्ट्स’ (जनवरी २०२६) ले नेपालको वृद्धिदर केवल २.१ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको छ । यो तथ्यांक झन् काहालीलाग्दो त्यतिबेला देखिन्छ, जब हामी हाम्रा छिमेकी देशहरू भारतको ७.५ प्रतिशत, चीनको करिब ५ प्रतिशत र बंगलादेशको ५.६ प्रतिशतको उच्च आर्थिक गतिशीलतालाई नियाल्छौं ।

छिमेकी यो लोभलाग्दो दौड र हाम्रो आफ्नै सुस्तताले के पुष्टि गर्छ भने अब खुद्रे सुधारले मात्र हाम्रो अर्थतन्त्रलाई उँभो लगाउन सम्भव छैन । हामीलाई एउटा यस्तो संरचनात्मक सुधार चाहिएको छ, जसले उत्पादनलाई विमुख गराएर ‘ट्रेडर इकोनोमी’ मा रमाइरहेको वर्तमान ढाँचालाई नै बदलिदियोस् । यस्तो चुनौतीपूर्ण घडीमा जब मध्यपूर्वको बढ्दो भूराजनीतिक तनावले हाम्रो रेमिट्यान्स लाइफलाइन समेत जोखिममा पारेको छ, मुलुकले करिब दुई तिहाइ नजिकको अभूतपूर्व जनमतसहितको शक्तिशाली सरकार बन्ने मार्गप्रशस्त गरिदिएको छ ।

यो जनादेश सत्ता प्राप्तिका लागिमात्र दिइएको होइन, बरु दशकौंदेखिको आर्थिक शिथिलता, भ्रष्टाचार र बिचौलियातन्त्रको जालो तोडेर साहसिक रूपान्तरणको मार्गप्रशस्त गर्न हो र यसको सार्थकता तबमात्र हुनेछ,जब यसले स्वदेशमै सम्भावना र आत्मविश्वासको नयाँ जग खडा गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणको बाटोमा मुलुकलाई अग्रसर गराउने छ । तसर्थ, अबको स्थिर सरकारले अर्थतन्त्रको जगमै गर्नुपर्ने केही साहसिक नीतिगत हस्तक्षेप र प्रणालीगत सुधार बारे चर्चा गरौं :

### उत्पादन र निर्यातको खडेरी नै ग्रोथ ट्र्यापको मुख्य कारक

अर्थतन्त्रको संरचनात्मक सुधारका लागि उत्पादन र निर्यातको यो टिठलाग्दो अवस्था बदल्नुको अब विकल्प छैन, किनकि आफ्नै उत्पादनको जग भुलेर केवल आयातित वस्तु उपभोगमा रम्ने हाम्रो परनिर्भर प्रवृत्तिले ग्रोथ ट्र्यापको पासोलाई झन् कसिलो बनाउँदै लगेको छ । १ रुपैयाँको सामान विदेश पठाउँदा ७ रुपैयाँभन्दा बढीको सामान भित्र्याउनुपर्ने १ बराबर ७ को भयावह व्यापार घाटाले हाम्रो आर्थिक धरातल कति कमजोर छ भन्ने यथार्थ ऐना झैं छर्लङ्ग पारिसकेको छ ।

विडम्बना के छ भने नेपालसँग जलविद्युत्, कृषि प्रशोधन, सूचना प्रविधि र खानीजन्य उद्योगजस्ता दर्जनौं क्षेत्रमा प्रचुर सम्भावना र तुलनात्मक लाभ भए तापनि हामीले त्यसलाई अवसरमा बदल्न सकेका छैनौं । हाम्रा प्राकृतिक स्रोत र स्वदेशी कच्चापदार्थ न्यून मूल्यमा निर्यात गर्ने वा खेर फाल्ने वर्तमान परिपाटी बदलेर स्वदेशमै प्रशोधन मार्फत मूल्य अभिवृद्धि गर्न सकेमात्र अर्थतन्त्रमा वास्तविक र दिगो टेवा पुग्ने निश्चित छ । तर, यस्ता सम्भावनायुक्त क्षेत्रलाई काँध थाप्नुको सट्टा राज्यले नै अनेकौं नीतिगत र प्रशासनिक जटिलता थोपरिदिएको देखिन्छ । पछिल्ला राजनीतिक नेतृत्वको अदूर दर्शिता, एक अर्कासँग बाझिने अव्यवहारिक ऐन-कानुन र प्रशासनिक सुस्तता नै यसका मुख्य अवरोध हुन् भन्ने आम जनगुनासो छ ।

### मूल्य अभिवृद्धि र औद्योगिक दूरदृष्टि

प्रशासनिक संयन्त्रमा देखिएको यही जडता र नीतिगत अन्योल चिर्न अब खुद्रे सुधार होइन, बरु स्पष्ट औद्योगिक दूरदृष्टि र मूल्य अभिवृद्धिको नयाँ मानक स्थापित गर्न जरुरी छ । निर्यातको जग बसाल्न सामान विदेश पठाउनु मात्र पर्याप्त छैन, यसका लागि देशभित्रै उपलब्ध स्रोत र साधन अधिकतम मूल्य अभिवृद्धि गरी आन्तरिक सामर्थ्य सुदृढ बनाउनु अनिवार्य हुन्छ ।

यस सन्दर्भमा सिमेन्ट, फलाम र जडीबुटी मात्र नभई जलविद्युत्, उच्च मूल्यका कृषि उपज, सूचना प्रविधि र पर्यटन जस्ता हाम्रा तुलनात्मक लाभ भएका क्षेत्रले मुलुकको आर्थिक कायापलटका लागि कति महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने तथ्य गम्भीरतापूर्वक मनन गर्न आवश्यक छ । जब हामी यस्ता उत्पादन वा सेवा निर्यात गर्छौं, त्यहाँ एउटा वस्तुमात्र गइरहेको हुँदैन, बरु हाम्रै प्राकृतिक स्रोत, नेपाली श्रमिकको श्रम र आफ्नै माटोको मौलिकतालाई एउटै प्याकेजमा राखेर हामीले विदेशी मुद्रा आर्जन गरिरहेका हुन्छौं ।

तर, कतिपय क्षेत्रमा मुलुक आत्मनिर्भर बनेर निर्यातको ढोका ढकढक्याइरहँदा पनि राज्यका तर्फबाट हुनुपर्ने लजिस्टिक सहजीकरण, पूर्वाधार र घोषित सहुलियत कार्यान्वयनमा उस्तै सुस्तता विद्यमान देखिन्छ । नीतिगत स्पष्टता र अन्तर निकाय समन्वय अभावमा लगानीकर्ताहरू कुहिरोको काग जस्तै अलमलमा पर्नु राष्ट्रिय समृद्धिका लागि शुभ संकेत होइन । विगतमा पाम आयलजस्ता न्यून मूल्य अभिवृद्धि हुने वस्तु निर्यातको अंक देखाएर रमाउने प्रवृत्तिले हाम्रो अर्थतन्त्रको जग कहिल्यै बलियो बनाउन नसक्ने हुनाले अबको स्थिर सरकारले वास्तविक राष्ट्रिय सामर्थ्य भएका क्षेत्रलाई काँध थाप्नुपर्ने बेला आएको छ । उच्च मूल्य अभिवृद्धि हुने वस्तुको सूक्ष्म पहिचान गरी कच्चापदार्थदेखि बजारसम्मको आपूर्ति शृंखलामा राज्यले सहयोगी भूमिका निर्वाह गर्ने हो भने मात्रै मुलुकमा व्यापक औद्योगिकीकरणको लहर आउन सक्छ ।

### औद्योगिक रिक्तता र सेवा क्षेत्रको “बबल”

आर्थिक विकासको एउटा स्वाभाविक मार्ग हुन्छ कृषिबाट सुरु भएर उद्योग हुँदै सेवा क्षेत्रतर्फको यात्रा, तर नेपालका सन्दर्भमा भने बीचको यो औद्योगिक जग नै हराइरहेको देखिन्छ । कुल गार्हस्थ उत्पादन (जीडीपी) मा वास्तविक उद्योगको हिस्सामात्र ५-६ प्रतिशतमा खुम्चिनु यसैको परिणाम हो, जसले गर्दा हामी उद्योगमा बलियो नबन्दै सिधै सेवा क्षेत्रतर्फ धकेलिएका छौं । उद्योग नफस्टाउँदा हाम्रो सेवा क्षेत्र केवल आयातित सामानको व्यापार र कम मूल्य अभिवृद्धि हुने खुद्रे सेवामा सीमित हुन पुगेको छ ।

विश्व बैंकका अनुसार औद्योगिक संकुचन र सेवा क्षेत्रको यो असन्तुलित विस्तार नेपालको दीर्घकालीन विकासका लागि ठूलो चुनौती बन्न सक्छ । पछिल्ला वर्षहरूमा नेपालको आर्थिक वृद्धिदर लक्ष्यभन्दा निकै तल खुम्चिँदा त्यसको प्रत्यक्ष मार उत्पादनमूलक क्षेत्रमा पर्न गएको थियो । नतिजा स्वरूप, लगानीकर्ताहरू उच्च जोखिमयुक्त उद्योग र उत्पादनभन्दा तुलनात्मक रूपमा सुरक्षित मानिने आयातमुखी व्यापारतर्फ आकर्षित हुनु एउटा बाध्यकारी तर विडम्बनापूर्ण यथार्थ बन्यो । तर, मुलुकको दिगो विकास र समृद्धिको सपना साकार पार्न अब यो परिस्थिति र लगानीको यो असन्तुलित प्रवृत्ति फेरिनै पर्छ ।

### “पोलिसी प्यारालाइसिस” र बिचौलियातन्त्रको “नेक्सस”

मुलुकको औद्योगिक आधार मजबुत हुन नसक्नुको अर्को मुख्य कारण स्रोतहरूमाथि रहेको बिचौलियाको अस्वाभाविक नियन्त्रण र नीतिगत अलमललाई मानिन्छ । बजारमा यस्तो बिचौलिया संस्कृति हाबी भएको देखिन्छ जसले उत्पादन प्रणालीलाई नै बन्धक बनाएको भान हुन्छ, जहाँ खेतमा पसिना बगाउने किसानले उचित मूल्य नपाउने तर उपभोक्तासम्म पुग्दा वस्तुको मूल्य आकासिने गरेको यथार्थ छ । यस्ता प्रवृत्तिले राज्यका संयन्त्रलाई प्रभावित पार्दै स्वस्थ प्रतिस्पर्धालाई नै निषेध गरिरहेको विश्लेषण गरिन्छ, जसले गर्दा बजारमा फेयर प्लेको सम्भावना कमजोर भई मुलुक सधैं ग्रोथ ट्र्यापको अँध्यारो सुरुङमै अल्झिरहेको प्रष्ट छ ।

यसैको प्रत्यक्ष असर हाम्रा प्राकृतिक स्रोत उपयोगमा पनि प्रतिविम्बित भएको सुनिन्छ । एकातिर स्वदेशी वनका काठहरू कुहिएर जाने र अर्कातिर अर्बौंको विदेशी काठ आयात हुने विरोधाभासपूर्ण खेल वर्षौंदेखि चलिरहेको छ । गिट्टी-बालुवा र ढुंगा निर्यातको मुद्दामा त चुरे विनाशको भावनात्मक र वातावरणीय बहस उठाएर वैधानिक निकासी बन्द गरिने तर त्यसकै आडमा अनौपचारिक तहबाट दोहन भइरहने कुरा सार्वजनिक भइरहन्छन् । यस्ता स्रोतल वैज्ञानिक पद्धतिबाट उत्खनन गरी औद्योगिक उपयोग वा निर्यातको बाटो खोल्नुको साटो छुनै नहुने बनाएर राख्दा अर्थतन्त्र नै परनिर्भरताको चेपुवामा परेको छ ।

अबको स्थिर सरकारले यस्ता नीतिगत र प्रणालीगत अड्चन सम्बोधन गर्न विकसित देशहरूको अभ्यास जस्तै ‘फेसलेस’ र ‘डिजिटल प्रशासन’ मार्फत सेवाग्राही र कर्मचारीबीच प्रत्यक्ष भेट न्यून गर्दै लैजानु नै भ्रष्टाचार र बिचौलियाको प्रभाव घटाउने सबैभन्दा उत्तम उपाय हो ।

### वैश्विक अनुभव र आर्थिक क्रमभंगता

नेपालका सन्दर्भमा देखिएको नीतिगत अन्योल र बिचौलियातन्त्रको जालो चिर्न विश्वका सफल प्रयोगहरू हाम्रा लागि एउटा बलियो उदाहरण हुन सक्छन् । जस्तै, सन् २००३ अघिको जर्जियामा पनि प्रशासन र अर्थतन्त्र आजको नेपालमा जस्तै भ्रष्टाचारले थिलथिलो भएको थियो तर ‘रोज रिभोलुसन’ पछि आएको नयाँ नेतृत्वले नीतिगत क्षेत्रमा साहसिक र ठोस कदम चाल्दै त्यहाँका सयौं अनावश्यक लाइसेन्स र प्रशासनिक झमेला तथा अवरोध रातारात खारेज गरिदियो, जसले गर्दा व्यवसाय गर्ने वातावरणमा नाटकीय सुधार आयो र भ्रष्टाचारले थलिएको जर्जिया आज व्यापारिक सहजता (बेस्ट कन्ट्री फर डुइङ बिजनेस) मा विश्वकै अग्रणी देश बन्न सफल भएको छ ।

उता, भियतनामले कर्मचारीतन्त्रका झन्झट पन्छाउँदै आफूलाई ‘म्यानुफ्याक्चरिङ हब’ बनायो भने बंगलादेशले तयारी पोसाकसँगै कच्चापदार्थका उद्योग स्वदेशमै खडा गरेर जुन ‘मल्टिप्लायर इफेक्ट’ सिर्जना गर्‍यो, त्यो हाम्रा उत्पादनमूलक उद्योग र समग्र औद्योगिक विकासका लागि एउटा स्पष्ट मार्गचित्र हुन सक्छ ।

त्यस्तै गृहयुद्धको खरानीबाट उठेर अफ्रिकी सिंगापुर बनेको रुवान्डाले दृढ इच्छाशक्ति भए भूपरिवेष्ठित हुनु विकासमा बाधक हुँदैन भन्ने प्रमाणित गरिदिएको छ । अब हामीले पनि भूगोलको यो सीमालाई कमजोरी मान्न छोडेर ‘ल्यान्डलक्ड’ बाट ‘ल्यान्डलिंक्ड’ र ‘डिजिटल्ली-लिंक्ड’ अर्थतन्त्रको आधुनिक बाटो समात्न ढिला गर्नु हुँदैन । आखिर समृद्धिका लागि प्राकृतिक स्रोत हुनुमात्र ठूलो कुरा होइन रहेछ, त्यसलाई सही ढंगले प्रयोग गर्ने राजनीतिक आँट र प्रष्ट नीति नै मुख्य कुरा हो भन्ने तथ्य आजसम्मको तितो अनुभवले हामीलाई राम्ररी बुझाइसकेको छ ।

### “ट्रेडर इकोनोमी” बाट “म्यानुफ्याक्चरिङ” मा रूपान्तरण ऐतिहासिक अवसर

अब बन्ने बहुमतको स्थिर सरकारका लागि यो समय नेपालको अर्थतन्त्रलाई नयाँ दिशा दिने एउटा अभूतपूर्व अवसर हो । विगतका अस्थिर सरकारहरूले अर्थतन्त्रको संरचनागत सुधारका लागि कुनै पनि महत्त्वपूर्ण र साहसिक निर्णय लिएका उदाहरण बिरलै भेटिन्छन् । बरु, विभिन्न स्वार्थ समूहसँग मिलेर आफ्नै र ती समूहको मात्र पक्षपोषण गर्ने कार्यशैलीको उपज स्वरूप आज हाम्रा उद्योग र उत्पादनमुखी नीतिहरू बढारिएर कुनामा थन्किएको टिठलाग्दो यथार्थ हाम्रा सामु छ । तर, आगामी सरकारसँग बलियो जनमत र राजनीतिक सामर्थ्य दुवै हुने भएकाले ती स्वार्थ समूहको घेरा तोडेर अर्थतन्त्रको मूल संरचना नै बदल्ने यो सबैभन्दा उपयुक्त बेला हो । आगामी सरकारले समृद्धिको यात्रा तय गर्नका लागि निम्न पाँच रणनीतिक स्तम्भमा टेकेर तत्काल साहसिक कदम चाल्नु अपरिहार्य देखिन्छ :

**उत्पादनमुखी भन्सार नीति**

कच्चापदार्थ र तयारी वस्तुको भन्सार दरमा कम्तीमा दुई तहको अन्तर कायम गरी निजी क्षेत्रलाई ट्रेडिङबाट म्यानुफ्याक्चरिङतर्फ आकर्षित गर्ने ।

**स्थिर नीतिगत ग्यारेन्टी**

स्वदेशी लगानीकर्ताको विश्वास जित्न तथा वैदेशिक लगानी आकर्षित गर्न औद्योगिक र कर नीतिमा कम्तीमा १० वर्षसम्म कुनै नकारात्मक परिवर्तन नहुने वैधानिक सुनिश्चितता प्रदान गर्ने ।

**रणनीतिक आर्थिक पुल**

चीन र भारतबीचको ट्रेड लिंक बन्न विशेष कार्यदल गठन गरी नेपाललाई दुई विशाल अर्थतन्त्र जोड्ने व्यापारिक केन्द्रका रूपमा विकास गर्ने ।

**करको दायरा विस्तार**

आयकर र भ्याटको दरलाई वैज्ञानिक ढंगले पुनरावलोकन गर्दै कर छली रोक्ने र राजस्वको आधार फराकिलो बनाउने ।

**निर्यात करिडोर र ऊर्जा उपयोग**

सिमेन्ट, फलामजन्य उत्पादन (स्टिल) र जडीबुटी जस्ता उच्च सम्भावना भएका क्षेत्रका लागि डेडिकेटेड निर्यात करिडोर बनाउने, सूचना प्रविधि र पर्यटनलाई समृद्धिको आधार मान्ने तथा बिजुलीलाई स्वदेशी उद्योगको मुख्य ऊर्जाका रूपमा प्रयोग गरी आयातित कच्चापदार्थमा अधिकतम मूल्य अभिवृद्धि गर्दै वस्तु निर्यात गर्ने । त्यस्तै अब बन्ने सरकारले पाँच वर्षको प्रष्ट मार्गचित्र बोकेर आउनुपर्छ । पहिलो वर्षमै उद्योग र लगानीलाई खुम्च्याउने बाधक ऐनहरू हटाउने साहस गरौं, ताकि तेस्रो वर्षसम्म पुग्दा हाम्रो निर्यातले जीडीपीमा १५ प्रतिशतको हिस्सा ओगट्न सकोस् ।

पाँचौं वर्षसम्म पुग्दा उत्पादन क्षेत्रको योगदानलाई १२ प्रतिशत पुर्‍याउने र प्रतिव्यक्ति आय १ हजार ८ सय डलर नघाउने अठोट तथ्यांकमात्र नभई समृद्ध नेपालको एउटा बलियो जग बन्नुपर्छ । यदि आजै यस्तो साहसिक संरचनागत सुधारको बाटो रोजिएन भने हाम्रो अर्थतन्त्र सधैं यही ग्रोथ ट्र्यापको भुमरीमै अल्झिर हने छ । त्यसैले यो ऐतिहासिक जनमतलाई अर्थतन्त्रको जग सुधार्ने र औद्योगिक समृद्धिको एउटा नयाँ अध्याय लेख्ने अवसरका रूपमा बदलौं ।

*(साभार: अनलाइनखबर)*

# आत्मनिर्भर भविष्यतर्फ महिला उद्यमशीलताको यात्रा

✍ निशा चौधरी

महिला उद्यमशीलता आज केवल आम्दानीको स्रोत मात्र होइन, यो सामाजिक रुपान्तरण, आर्थिक सशक्तीकरण र आत्मसम्मानको आन्दोलन बनेको छ । परम्परागतरुपमा घर धन्दासम्म सीमित मानिदै आएको महिलाको भूमिका अहिले उद्योग, व्यापार, प्रविधि, कृषि, सेवा र नवप्रवर्तनका क्षेत्रमा प्रभावशालीरुपमा विस्तार हुँदै गएको छ । आत्मनिर्भर भविष्य निर्माण गर्ने यात्रामा महिला उद्यमशीलता एक सशक्त आधारस्तम्भका रुपमा उभिएको छ । शिक्षा चेतना र सूचना प्रविधिको पहुँचसँगै महिलामा आफ्नो क्षमतामाथि विश्वास बढ्दै गएको छ । सीप, ज्ञान र सिर्जनाशीलतालाई व्यवसायमा रुपान्तरण गर्ने सोचले महिलालाई रोजगार खोज्ने होइन, रोजगार सिर्जना गर्ने दिशातर्फ अग्रसर गराएको छ । साना घरेलु, उद्योगदेखि लिएर मध्यम तथा ठूला उद्यमसम्म महिलाको सक्रिय सहभागिता बढ्दै जानु आत्मनिर्भर भविष्यको स्पष्ट संकेत हो ।

महिला उद्यमशील चेतनाको उदय केवल आर्थिक क्रियाकलापको विस्तार होइन, यो दीर्घकालीन सामाजिक रुपान्तरणको संकेत हो । परम्परागतरुपमा घर-परिवारको सीमाभित्र सीमित गरिँदै आएको महिलाको भूमिकामा आएको यो चेतनामूलक परिवर्तनले महिलालाई आफ्नो क्षमता, अधिकार र सम्भावनाका नयाँ पहिचान दिलाएको छ । आज महिला उद्यमशीलता बाध्यताबाट जन्मिएको विकल्प होइन, चेतनापूर्ण छनोट र आत्मसम्मानको अभिव्यक्ति बनेको छ । शिक्षाको विस्तारले महिलाको सोचमा निर्णायक भूमिका खेलेको छ ।

औपचारिक तथा अनौपचारिक शिक्षा मार्फत महिलामा केवल ज्ञानमात्र होइन, आत्मविश्वास र आलोचनात्मक सोच पनि प्राप्त भएको छ । यसैसँग सूचना तथा सञ्चार प्रविधिको पहुँचले महिलालाई विश्वव्यापी अनुभव, सफलताको कथा र बजारको ज्ञानसँग जोडेको छ । यसले म सक्छु भन्ने विश्वासलाई व्यावहारिक सम्भावनामा रुपान्तरण गरेको छ । महिला उद्यमशील चेतनाको उदयको अर्को महत्वपूर्ण पक्ष आत्मपहिचान हो । महिलाले अब आफूलाई केवल आश्रित भूमिका होइन, उत्पादनशील शक्ति र निर्णायककर्ताको रुपमा हेर्न थालेका छन् ।

महिलाको आर्थिक निर्भरता आजको समाजमा केवल आयआर्जनसँग सीमित विषय होइन, यो शक्ति पहिचान र सामाजिक न्यायसँग गाँसिएको गहिरो अवधारणा हो । जब महिला आफ्नै श्रम, सीप र क्षमताबाट आर्थिक रुपमा आत्मनिर्भर बन्छिन् तब उनको जीवनमा मात्र होइन परिवार, समुदाय र समग्र समाजमा नै परिवर्तनको लहर शुरु हुन्छ । आर्थिक आत्मनिर्भरता महिलाको मौन आवाजलाई सशक्त अभिव्यक्ति दिन सक्षम माध्यम हो । घरायसी खर्चदेखि, बालशिक्षा, स्वास्थ्य, पोषण, भविष्यको योजना निर्माणसम्म महिलाको भूमिका निर्णायक हुन्छ । यसले पारिवारिक संरचनामा सन्तुलन ल्याउँछ । जहाँ महिलालाई सहयोगी मात्र होइन, बराबरी साझेदारका रुपमा स्वीकार गरिन्छ, यस्तो स्वीकार्यताले सामाजिक सम्बन्धलाई सम्मान, समझदारी र सहकार्यतर्फ उन्मुख गराउँछ । महिलाको आर्थिक सबलीकरणले सामाजिक मूल्य र मान्यतामा प्रत्यक्ष प्रभाव पार्छ । आर्थिक रुपमा सक्षम महिला सामाजिक छलफलमा सहभागी हुन्छिन् ।

यसले परम्परागत लैंगिक भूमिकालाई चुनौती दिँदै महिलालाई सार्वजनिक जीवनको केन्द्रमा ल्याउँछ । नतिजास्वरुप समाजमा लैंगिक समानताको चेतना मजबुत हुँदै जान्छ । आर्थिक आत्मनिर्भरता हिंसा र शोषणविरुद्धको महत्वपूर्ण कवच पनि हो । आर्थिक निर्भरता र धेरै महिलाका लागि मौन सहनशीलताको कारण बन्दै आएको छ । जब महिलासँग आफ्नै आम्दानी र स्रोत हुन्छ तब उनी अन्यायपूर्ण व्यवहारविरुद्ध आवाज उठाउन, विकल्प रोज्न र सुरक्षित भविष्य निर्माण गर्न सक्षम हुन्छन् ।

यस अर्थमा आर्थिक आत्मनिर्भरता महिलाको गरिमा र सुरक्षाको आधार हो । डिजिटल प्रविधिले महिला उद्यमशीलताको नयाँ ढोका खोलेको छ । अनलाइन, सामाजिक सञ्जालमार्फत मार्केटिङ, डिजिटल भुक्तानी प्रणाली र घरबटै सञ्चालन गर्न सकिने व्यवसायले महिलालाई समय र स्थानको सीमाबाट मुक्त गरिरहेको छ । नवप्रवर्तनशील सोच र प्रविधिको सदुपयोगले महिलालाई विश्वव्यापी बजारसम्म पुऱ्याउने सम्भावना बढाएको छ ।

महिला उद्यमशीलताको यात्रा प्रेरणादायी मात्र होइन, चुनौतीले भरिएको गहिरो संघर्षको कथा पनि हो । उद्यम शुरु गर्ने निर्णय आफैंमा साहसको प्रतीक भए पनि त्यसलाई निरन्तरता दिने क्रममा महिलाले सामना गर्नुपर्ने कठिन मोडहरु बहुआयामिक छन् । यी मोडहरु व्यक्तिगत सीमाभन्दा पर गएर सामाजिक संरचना, आर्थिक प्रणाली र मानसिकतासँग गाँसिएका छन् । यद्यपि महिला उद्यमशीलताको यात्रा भने सहज छैन । पुँजी र वित्तीय पहुँचको कमी, धेरै महिलासँग आफ्नो नाममा सम्पत्ति नहुनु, बैंक तथा वित्तीय संस्थामा विश्वासको कमी, सामाजिक पूर्वाग्रह, पारिवारिक जिम्मेवारीको बोझ, बजार पहुँच र व्यवस्थापन सीपको कमी जस्ता कठिनाइले उद्यम शुरु गर्ने बाटोमै रोकावट सिर्जना गर्छ, यसले महिलाको उद्यमशील सोचलाई व्यवहारमा उतार्न कठिन बनाउँछ, चाहे उनीसँग सीप र योजना कति नै स्पष्ट किन नहोस् ।

*(साभार: न्यूज अफ नेपाल)*

# ग्यास ल्याउन नसक्ने आयल निगम र उद्योगी, दोषजति उपभोक्तालाई



काठमाडौं/'उपभोक्ताले २ देखि १५ वटासम्म ग्यास सिलिन्डर स्टक गरेर राखेका कारण बजारमा ग्यासको कृत्रिम अभाव भयो,' पछिल्लो समय नेपाल आयल निगम, ग्यास उद्योगी र विक्रेताले संयुक्त रूपमा भन्दै आएको वाक्य हो यो । अहिले सहरका चोकहरूमा हरेक वर्ग खाना पकाउने ग्यासको एउटा सिलिन्डरका लागि घण्टौं लाइनमा बस्न विवश छ । त्यसमा पनि सबैभन्दा बढी मार एक सिलिन्डर मात्रै हुनेहरूलाई परेको छ । साढे दुई महिनाअघि काठमाडौं उपत्यकामा मात्रै देखिएको ग्यास अभावले अहिले पूरै देश छोपिसकेको छ ।

अमेरिका र इजरायलले २८ फेब्रुअरीमा इरानमाथि गरेको संयुक्त सैन्य कारबाहीपछि विश्व भूराजनीति र अर्थतन्त्रमा ठूलो हलचल मच्चिएको छ । मध्यपूर्वमा दिनहुँ बढ्दो तनावले यसको प्रत्यक्ष असर विश्वव्यापी ऊर्जा बजारमा देखिएको छ । नेपालमा देखिएको ग्यास अभाव मध्यपूर्वको तनाव सुरु हुनुअगावै थियो । अहिले भने सोही तनावले पनि घिउ थप्ने काम गरेको छ ।

नेपाल इन्धनमा पूर्णरूपमा भारतमा निर्भर छ । भारत पनि अन्य देशमा निर्भर हुँदा ग्यासको समस्या भारतमै देखिइसकेकाले त्यसको त्रासमा नेपाली उपभोक्ता पनि छन् । तर, अहिलेसम्म भारतले नेपालमा ग्यास निर्यात रोकेको छैन । दैनिक रूपमा औसत ४९ हजार टन ग्यासले पुग्नेमा माग बढेसँगै आपूर्ति पनि बढाएको दाबीसहित तथ्यांक आयल निगमले नियमित सार्वजनिक गर्दै आइरहेको छ ।

यति हुँदाहुँदै ग्यास अभाव समस्या समाधान हुन नसकेपछि निगमले २८ फागुनदेखि आधा सिलिन्डर ग्यास वितरण गर्ने निर्णय लागु नै गरिसकेको छ । तर, पनि बजारमा आधा सिलिन्डरकै लागि घण्टौं लाइन लागिरहनुपर्ने बाध्यता हटेको छैन । आधा सिलिन्डर ग्यास नै पाउन सकिएन भन्ने गुनासो उपभोक्ताबाट रोकिएको छैन । मुलुकमा खाना पकाउने ग्यास हाहाकार हुनु र उपभोक्ताहरू रित्तो सिलिन्डर बोकेर सडकमा लाइन बस्नु कुनै नौलो विषय रहेन । विगत एक दशक हेर्ने हो भने नेपालले दुईवटा ठूला राष्ट्रिय संकटका बेला ग्यासको चरम अभाव झेलेको छ ।

विशेषगरी अन्तर्राष्ट्रिय सीमामा हुने अवरोध र आन्तरिक बजारमा सिर्जना हुने कृत्रिम अभाव व्यवस्थापन गर्न सरकारले हालसम्म तीन पटक आधा सिलिन्डर ग्यास बिक्री गर्ने निर्णय गरिसकको छ । थोरै परिमाणमा धेरै परिवारलाई ग्यास पुऱ्याउने उद्देश्यले लिइने यस्तो निर्णयले नेपालको ऊर्जा परनिर्भरता र कमजोर भण्डारण क्षमतालाई छर्लंग पार्ने गरेको छ । नयाँ संविधान जारी भएपछि असन्तुष्ट भारतले गरेको नाकाबन्दीका कारण कात्तिक २०७२ मा ग्यास आयात ठप्प प्राय: भयो ।

त्यसबेला बजारमा ग्यासको चरम हाहाकार मच्चिएपछि नेपाल आयल निगमले पहिलो पटक १४.२ किलोको सिलिन्डरमा आधा अर्थात् ७.१ किलोमात्र ग्यास भरेर वितरण गर्ने निर्णय गरेको थियो । त्यस्तै दोस्रो पटक २०७६ सालमा कोरोना भाइरस महामारी सुरुवाती चरणमा ग्यासको अर्को संकट देखियो । ११ चैत २०७६ देखि सरकारले देशव्यापी 'लकडाउन' गर्ने तयारी गरेपछि उपभोक्ताले त्रासका कारण ग्यास 'होल्ड' गर्न थाले, जसले गर्दा बजारमा एकाएक अभाव सिर्जना भयो ।

सोही अभाव सन्तुलनमा ल्याउन निगमले १२ चैत २०७६ देखि पुन: आधा सिलिन्डर ग्यास वितरण गर्ने निर्णय गऱ्यो । करिब तीन सातासम्म ७.१ किलोका सिलिन्डर बिक्री गरिएपछि आपूर्ति सहज भएसँगै ३ वैशाख २०७७ देखि पुन: पूरा सिलिन्डर बिक्री खुला गरिएको थियो । यी दुई ठूला संकट बाहेक २०६९ सालमा आयल निगमले इन्डियन आयल कर्पोरेसन (आईओसी) लाई भुक्तानी गर्न नसक्दा र विभिन्न समयमा ग्यास उद्योगी तथा ढुवानीकर्ताका आन्दोलनका कारण पनि बजारमा ग्यास अभाव चुलिने गरेको छ ।

आयातमा पूर्ण परनिर्भर हुनु र मुलुकभित्र पर्याप्त भण्डारण गृह नहुनुले सामान्य अवरोध आउनासाथ नेपाली भान्सा प्रभावित हुन्छ । नियमित ग्यास आपूर्ति भइराख्दा पनि यो हाहाकार ग्यासको वास्तविक अभावले नभई बजारमा अवैध थुप्रिएका अतिरिक्त सिलिन्डर र त्यसलाई नियमन गर्न दशकौंदेखि असफल रहेको नियामक निकाय आयल निगमको चरम उदासीनताको परिणाम भएको जानकारहरू बताउँछन् । २०७२ सालमा भारतले नाकाबन्दी गर्दा संकटको सामना गर्न उपभोक्ताले ग्यास नपाएपछि घरमा सिलिन्डर हुँदाहुँदै नयाँ सिलिन्डर किने । उद्योगीहरूले व्यापार गर्ने बेला नै यही हो भनेर धमाधम सिलिन्डर बजार पठाए । जबजब माग बढी भयो वा संकट आइपऱ्यो, त्यतिबेला समस्या समाधान गर्न भन्दै चाहिनेभन्दा बढी सिलिन्डर बेच्ने र किन्ने क्रम चलिरह्यो ।

यदि तीनै पक्षको दाबी अनुसार सानो समस्या देखिनासाथ चाहिनेभन्दा बढी बजारमा अनियन्त्रित भित्रिएका यी सिलिन्डरले नै कृत्रिम अभाव र समस्या सिर्जना गरेको हो भने यसलाई व्यवस्थापन गर्न असफल भएको सम्पूर्ण जिम्मेवारी सरकार र निगमले लिनुपर्छ । यो संकट आपूर्ति प्रणालीमा आएको सामान्य अवरोध मात्र होइन, वर्षौंदेखि सरकारी आँखा छलेर वा मिलेमतोमा मौलाएको अव्यवस्थाको विस्फोट हो । बजार व्यवस्थापनको जिम्मेवारी बोकेको आयल निगमले नै बजारमा आवश्यकताभन्दा ६० लाख बढी सिलिन्डर रहेको स्वीकार गरिरहँदा प्रश्न उठ्छ- यदि समस्याबारे जानकारी थियो भने एक दशक बित्दा पनि यी सिलिन्डर बजार बाट हटाउन वा व्यवस्थापन गर्न निगमले के गऱ्यो ? उद्योगीहरूले क्षमताभन्दा बढी सिलिन्डर उत्पादन गरेर बजारमा पठाउँदा निगम किन चुप बस्यो ?

उपभोक्तालाई दोष दिनु गलत, सम्पूर्ण वितरण प्रणाली नै उद्योगी र व्यापारीको कब्जामा मुलुकमा समय-समयमा सिर्जना हुने खाना पकाउने एलपी ग्यासको कृत्रिम अभाव र हाहाकारमा आम उपभोक्तालाई दोष दिनु पूर्णरूपमा गलत भएको आयल निगमका पूर्वनायब कार्यकारी निर्देशक तथा पेट्रोलियम विज्ञ सुशील भट्टराई बताउँछन् ।

ग्यास आयातदेखि उपभोक्ताको भान्सासम्म पुग्ने सम्पूर्ण वितरण प्रणाली (माइक्रो डिस्ट्रिब्युसन) मा सरकार र आयल निगमको कुनै पकड नभएको र यो पूर्णत: निजी क्षेत्र (उद्योगी र व्यापारी) को नियन्त्रणमा रहेकाले संकट निम्तिने गरेको उनको भनाइ छ ।

**समस्या सिन्डिकेट र नीतिमा छ**

बजारमा ग्यास अभाव हुनासाथ उपभोक्ताले अनावश्यक स्टक राखेको भनेर दोष थोपर्ने प्रवृत्तिको खण्डन गर्दै भट्टराईले भने, 'उपभोक्ताको के नै पकड छ र ? खाली एक-दुइटा सिलिन्डर एक्स्ट्रा छ भने यस्तो अभावका बेला ल्याएर राखौं न भन्ने मात्रै कुरा हो ।' उनका अनुसार मुख्य समस्या ग्यास आपूर्ति र ढुवानीमा हुने 'लजिस्टिक' समस्या र सिन्डिकेट हो । 'हामी शतप्रतिशत भारतीय बुलेटमै भर परिरहेका छौं,' उनी भन्छन्, 'उनीहरूभित्रको सिन्डिकेट, उद्योगीहरू बीच हुने बार्गेनिङ र आन्तरिक विषयहरूले गर्दा ग्यासमा समस्या आइरहेकै थियो ।'

भोलिका दिनमा खाडी मुलुकमा अझै द्वन्द्व बढ्दै जाने वा थप ठूलो संकट आए नेपाललाई दुई-तीन महिना धान्ने कुनै भण्डारण क्षमता नहुँदा यसले राज्यको नीतिगत शून्यता प्रष्ट पार्ने उनी बताउँछन् । 'विद्युतीय चुलोमा जाने कि ग्यास नै प्रयोग गर्ने भन्नेमा राज्य र राजनीतिक नेतृत्व नै विभाजित मानसिकतामा छ,' विज्ञ भट्टराई भन्छन्, 'हामीसँग यत्रो हाइड्रोपावर छ, ग्यासको भण्डारण बनाउनै हुँदैन, एलपीजीको पाइपलाइन पनि बनाउने होइन भन्ने तर ठोस नीति पनि नलिने प्रवृत्ति छ, घरघरमा ग्यास छ, सबैजना ग्यासका विज्ञ भइदिँदा मुलुकले एउटा ठोस नीति र दिशा नै लिन सकेन ।'

**आयल निगमको भूमिका "भन्सार एजेन्ट" जस्तो**

आयल निगमले पीडीओ जारी गरे पनि आयात र वितरणमा निगमको भूमिका अत्यन्तै कमजोर रहेको भट्टराई बताउँछन् । 'नेपाल आयल निगम एलपी ग्यासको आयातकर्ता मात्र हो, निगमको काम भनेको बोर्डरमा आएपछि भन्सार क्लियर गरिदिने र ग्यास उद्योगीका नाममा बिक्री गरिदिने मात्र हो, भन्सारबाट अगाडि बढेपछि त्यो ग्यास पूर्णरूपमा उद्योगीको हुन्छ,' उनले भने, 'निगमको प्रतिनिधिका रूपमा आईओसीको रिफाइनरीबाट ग्यास उठाउने जिम्मा उद्योगीकै हुन्छ, निगमले कुन उद्योगको ग्यास हो भनेर चलानमात्र बनाइदिन्छ ।'

**वितरण प्रणालीमा सरकारको "शून्य नियन्त्रण"**

भट्टराईका अनुसार फ्याक्ट्रीमा ग्यास अनलोड भई सिलिन्डरमा भरिएपछि त्यो कहाँ र कसरी बिक्छ भन्नेमा निगमको कुनै निगरानी छैन । 'निगम र सरकारको उपस्थिति यो माइक्रो डिस्ट्रिब्युसनमा छँदै छैन, यो सम्पूर्ण रूपमा उद्योगीहरूले आफैंले आफ्नो नेटवर्क मार्फत चलाइरहेका छन्,' उनले भने, 'डिलरलाई दिने, कसलाई बढी दिने, कसलाई कम दिने भन्ने सबै उद्योगीको हातमा छ, कुन विक्रेता आधिकारिक हो वा होइन भन्ने प्रमाणीकरण पनि हुन सकेको छैन, पूर्णरूपमा निजी क्षेत्रको पकडमा हुनाले संकटका बेला उहाँहरूको प्रणाली पनि फेल हुन्छ र आफैं पनि व्यवस्थापन गर्न सक्नुहुन्न ।'

बजारमा रहेका करिब १ करोड सिलिन्डरमध्ये ६० लाखभन्दा बढी सिलिन्डर बढी भएको र अभावको बेला कसले कति सिलिन्डर कहाँ लुकायो वा वितरण गऱ्यो भन्ने ट्र्याकिङ गर्ने कुनै 'कम्प्युटराइज्ड सिस्टम' नभएको हुँदा समस्या गहिरिँदै गएको उनी बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# नायक हमालको नाममा १२ लाख ७७ हजार भ्रष्टाचार



साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ अभिनेता राजेश हमालको नाममा भ्रष्टाचार गरेको आरोपमा ४ जनाविरुद्ध मुद्दा दायर भएको छ ।

अछामको ढकारी गाउँपालिकाले हमालको तस्बिर प्रयोग गरेर बनाइएको भनिएको वृत्तचित्रका लागि १२ लाख ७७ हजार २५० रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो । गाउँपालिका अध्यक्ष प्रकाशबहादुर साउद, निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण साह र लेखापाल विमल साउदविरुद्ध सार्वजनिक सम्पत्ति दुरुपयोग गरी भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

आरजे ट्वान्टी फोर न्युज एवं नवइन्द्रेणी फाउन्डेसनका अध्यक्ष रामजी लम्साल (रामबहादुर लम्साल)विरुद्ध पनि मुद्दा दायर भएको छ । हमालको नाम जोडेर व्यक्तिगत निर्देशनसमेत भई चलचित्र निर्माण गर्ने भन्दै १५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको भएपनि १२ लाख ७७ हजार दुई सय ५० रुपैयाँ भुक्तानी गरिएको पाइएको अख्तियारले उल्लेख गरेको छ ।

यसमा अख्तियारले सार्वजनिक खरिद ऐन र नियमावली उल्लंघन भएको पनि स्मरण गराएको छ । अख्तियारले गाउँपालिका प्रमुखविरुद्ध भ्रष्टाचार भएको रकम बराबरको बिगो र थप सजाय पनि माग गरेको छ । बिगो रकम १२ लाख ७७ हजार २५० रुपैयाँ माग गरिएको छ ।

# मउवा संघको साधारणसभा चैत २१ गते शनिबार हुने



साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ मकवानपुर उद्योग वाणिज्य संघको ५९ औं साधारणसभा चैत २१ गते शनिबार हुने भएको छ ।

फागुन १५ गते बसेको कार्यसमिति बैठकले चैत २१ गते शनिबार पल्पसाहलमा साधारणसभा गर्ने निर्णय गरेको संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले जानकारी दिए । बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा साधारणसभाको उद्घाटन हुने संघले जनाएको छ । बिशिष्ठअतिथि महासंघका बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ रहने बताइएको छ । त्यसैगरी बिहिबार बसेको कार्यसमिति बैठकले साधारण सभामा विधान संसोधन प्रस्ताव लैजाने तयारी गरिएको महासचिव प्रतिमा श्रेष्ठले बताइन् ।

मकवानपुर उद्योग वाणिज्य संघ कृषि प्रवर्द्धन समितिको आयोजनामा बागमती प्रदेशस्तरीय कृषि प्रर्दशनी २०८२ हुने भएको छ । प्रर्दशनीमा प्रदेशभरका किसानले उत्पादन गरेका कृषिपरिकार, रैथानीबाली सहित कृषिऔजार, उपकरण र प्रविधि प्रदर्शनीमा राखिने समितिका संयोजक निलम पाण्डेले बताइन् । चैत १३ गतेदेखि १६ गतेसम्म पल्पसाहलमा प्रदर्शनी आयोजना हुने बताइएको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



### शनिवार पूर्वीक्षेत्रमा ११९ किलोमिटर प्रतिघण्टाको वेगमा हावाहुरी चल्ने प्रक्षेपण

# अनावश्यक यात्रा नगर्न सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणले आगामी तीन दिन देशका विभिन्न भागमा भारी वर्षा, हिमपात र भीषण हावाहुरीको सम्भावना रहेको भन्दै सर्वसाधारणलाई उच्चसतर्कता अपनाउन अनुरोध गरेको छ ।



जल तथा मौसम विज्ञान विभागले जारी गरेको मौसम पूर्वानुमानलाई उदृत गर्दै प्राधिकरणले चैत ६ गते शुक्रवारदेखि मौसममा उल्लेख्य बदलाव आउने जानकारी दिएको हो । राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणले आगामी तीनदिनको मौसम पूर्वानुमानलाई मध्यनजर गर्दै देशभरका नागरिकलाई विशेष शतर्कता अपनाउन अपील गरेको छ । जल तथा मौसम विज्ञान विभागको विवरणअनुसार देशका विभिन्न भागमा भारी वर्षा, हिमपात र विनाशकारी हावाहुरी चल्ने सम्भावना देखिएको छ ।

प्राधिकरणकाअनुसार चैत्र ६ गते शुक्रवार दिउँसो कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली क्षेत्रका एक दुई स्थानमा भारी वर्षा र हिमपात हुने सम्भावना छ । हिमाली क्षेत्रमा हुने हिमपातका कारण चिसो बढ्ने र जनजीवन प्रभावित हुनसक्ने भएकाले ती क्षेत्रका बासिन्दालाई सचेत रहन आग्रह गरेको छ । शुक्रवारदेखि नै लुम्बिनी प्रदेशका दाङ र नेपालगञ्जसहित तराईका जिल्लामा हावाहुरीको जोखिम बढेको छ । शनिवार पूर्वीक्षेत्रका विराटनगर, धनकुटा र धरान आसपासका जिल्लामा झन्डै १ सय १९ किलोमिटर प्रतिघण्टाको गतिमा तीब्र हावाहुरी चल्ने सम्भावना रहेको प्राधिकरणले जनाएको छ ।

आगामी शनिवार पूर्वी नेपालका विराटनगर, धनकुटा र धरानलगायतका आसपासका जिल्लामा ११९ किलोमिटर प्रतिघण्टाको वेगमा तीब्र हावाहुरी चल्ने प्रक्षेपण गरिएको छ । प्रिमनसुनको अवधि भएकाले यस्तो हावाहुरीले रुख ढाल्ने, कमजोर संरचना र छाना उडाउने तथा विद्युत र सञ्चारसेवा प्रभावित पार्नसक्ने जोखिम रहेको प्राधिकरणले जनाएको छ । पछिल्ला दिनमा हावाहुरीका कारण मानवीय क्षति भएकाले थप सचेतना आवश्यक रहेको सूचनामा उल्लेख छ । प्राधिकरणले जल तथा मौसम विज्ञान विभागबाट जारी हुने मौसम पूर्वानुमान र प्राधिकरणका आधिकारिक सूचनाहरू नियमित रूपमा पछ्याउन समेत सबैमा अनुरोध गरेको छ ।

प्रिमनसुनको अवधि भएकाले हावाहुरीका कारण रुख ढल्ने, कमजोर संरचना र घरका छाना उड्ने, तथा विद्युत र सञ्चार सेवा अवरुद्ध हुने जस्ता जोखिम रहन्छन् । पछिल्ला केहीदिनमा हावाहुरीका कारण विभिन्न स्थानमा मानवीय क्षति भइसकेको सन्दर्भमा प्राधिकरणले थप गम्भीर हुन नागरिकलाई आग्रह गरेको हो । प्राधिकरणले जोखिमबाट बच्न प्राधिकरणले शतर्कता अपनाउन अनुरोध गरेको छ । विशेष काम नपरी यात्रामा ननिस्कन र सुरक्षितस्थानमा आश्रय लिन, हावाहुरी चलेको बेला घरका झ्याल र ढोका राम्रोसँग बन्द गर्न, आगोका स्रोत (चुल्हो, ग्यास आदि) बन्द राख्न, सवारीसाधन चलाइरहेको भए सुरक्षित स्थानमा रोकेर बस्न, भीडभाडमा भए नआत्तिन र भागदौड नगरी बिस्तारै सुरक्षित ठाउँमा जान, कमजोर संरचना, अग्ला रुख, टेलिफोन र बिजुलीका खम्बा तथा तारमुनि नबस्न र विद्युतीय उपकरण नचलाउन र लत्रिएका तार नछुन आग्रह गरेको छ ।

# पुष्प व्यवसाय प्रवर्द्धनका लागि प्रदेश सरकार तयार: मन्त्री पौडेल



साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास मन्त्री मधुसुदन पौडेलले पुष्प व्यवसाय प्रवर्द्धनका लागि सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताएका छन् ।

बिहीवारदेखि काठमाडौंको भृकुटीमण्डपमा फ्लोरिकल्चर एशोसिएशन नेपाल (फ्यान) को आयोजनामा सुरु भएको ‘२७ औं फ्लोरा एक्स्पो २०८२’ को उद्घाटन गर्दै मन्त्री पौडेलले स्मार्ट पुष्प व्यवसायका लागि प्रदेश सरकारले चालु वर्षको बजेटमा रकम छुट्टाएको बताउँदै त्यो वितरण गर्ने तयारी भइरहेको जानकारी दिए । उनका अनुसार कार्यविधि अर्थमन्त्रालयमा पुगिसकेको छ । पुष्प व्यवसाय आफैंमा प्रतिष्पर्धी व्यवसाय रहेको र यो व्यवसायमा लाग्ने किसानलाई प्रवर्द्धन गर्न जरुरी रहेको उनले बताए । यो व्यवसायले विदेशी बजारको व्यवसायसँग पनि प्रतिष्पर्धा गनुपर्ने भएकाले यसलाई अझ बढि प्रविधियुक्त बनाउनुपर्नेमा मन्त्री पौडेलले जोड दिए ।

मन्त्री पौडेलले भने, ‘स्मार्ट पुष्प व्यवसायका लागि प्रदेश सरकारले राखेको बजेट र यसको कार्यविधि बनाएर मन्त्रालयले तयार गरिसकेको छ । अहिले त्यो कार्यविधि अर्थमन्त्रालयमा गएर त्यतिकै रोकिएको छ । निर्वाचनले गर्दा पनि रोकिएको हुनसक्छ । मलाइ लाग्छ, यो छिट्टै अघि बढ्छ । पुष्प व्यवसाय आफैँमा प्रतिष्पर्धी व्यवसाय पनि हो । एकातर्फ यो व्यवसायमा लाग्ने किसानलाई प्रवर्द्धन गर्नुपर्नेछ भने यो व्यवसायले विदेशी बजारको व्यवसायसँग पनि प्रतिष्पर्धा गनुपर्नेछ । यसलाई अझ बढी प्रविधियुक्त बनाउनुपर्नेछ ।’

आयोजक संस्थाका अनुसार फ्लोरा एक्स्पोमा व्यावसायिक स्टल ६५, अफिसियल स्टल ११, प्रतिस्पर्धा स्टल दुई, फुड स्टल दुई, ल्यान्डस्केप स्टल एक, सेल्फी स्टल एक, बीवाईडी इभी कारको स्टल एकसहित जम्मा ८३ ओटा स्टल रहेको छ ।

‘स्वच्छ वातावरण, रोजगारी तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय’ भन्ने नाराका साथ सुरु भएको मेलामा विभिन्न पुष्प व्यवसायीद्वारा उत्पादित फूल बिरुवाका विभिन्न विधाअन्तर्गत उत्कृष्ट स्टल, उत्कृष्ट ल्याण्डस्केपिङ, उत्कृष्ट मौसमी फूल, उत्कृष्ट आलंकारिक बिरुवा, उत्कृष्ट आलंकारिक फूल्ने बिरुवा, उत्कृष्ट ल्यान्डस्केप, उत्कृष्ट पुष्प सजावट, उत्कृष्ट कट फ्लावर (गुलाव, जरबेरा र कार्नेशन) मा प्रतिष्पर्धा गराइएको छ । मेला आईतवार सम्म चल्नेछ ।

# वडाबासीको लागि नि:शुल्क खानेपानी, एम्बुलेन्स र रगत



साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ जनताको आधारभूत सेवासुविधालाई प्राथमिकतामा राख्दै हेटौंडा उपमहानगरपालिका-१५ ले वडाबासीका लागि निशुल्क खानेपानी, एम्बुलेन्स तथा रगतको सुविधा उपलब्ध गराउन सुरु गरेको छ ।

यस वडाले नागरिकको दैनिकीसँग प्रत्यक्ष जोडिएका अत्यावश्यक सेवा सहजरुपमा उपलब्ध गराउने उद्देश्यसहित यस्तो पहलको थालनी गरेपछि वडाबासी खुशी देखिएका छन् । वडा कार्यालयले वडामा बसोबास गर्ने नागरिक बिरामी भई जहाँसुकै उपचार गर्न लगेपनि लाग्ने एम्बुलेन्स भाडा, उपचारका लागि आवश्यक रगत खरिद खर्च तथा मासिक १० हजार लिटरसम्म खानेपानी नि:शुल्क उपलब्ध गराउने निर्णय गरेपछि स्थानीयवासी उत्साहित भएका हुन् ।

हेटौंडा उपमहानगरपालिका-१५ को यो निर्णयले विशेषगरी विपन्न तथा आकस्मिक अवस्थामा परेका बिरामीलाई ठूलो राहत पुग्ने विश्वास गरिएको छ । दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका आधारभूत सेवामा राहत मिल्ने भएपछि खुशी लागेको भोर्ले टोल विकास समितिकी सचिव हरिमणि लामाले बताइन् ।

वडामा रहेका २१ वटा टोल विकास समितिमध्ये १९ वटा टोल विकास समितिमा यो कार्यक्रम लागू गरिएको हो । टोल विकास समितिमार्फत रकम निकाशा गरेर विवरण गरिने कार्यालयले जनाएको छ ।

वडामा रहेका २ हजार ३०६ घरधुरीले नि: शुल्क खानेपानी प्रयोग गर्न पाउने भएका हुन् । गत माघ महिनादेखि यो कार्यक्रम कार्यान्वयनमा आएको बताउँदै यो कार्यक्रमलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइने वडाअध्यक्ष सुनिल मोक्तान बताउँछन् । हेटौंडा उपमहानगरभित्रका १९ वडामध्ये १५ नम्बर वडाले पहिलोपटक यस्तो कार्यक्रम कार्यान्वयनमा ल्याएको कार्यालयको दाबी छ ।


## हार्दिक समवेदना



जन्म: २००८/०५/२०

स्वर्गारोहण: २०८२/११/२४

स्व. आशालाल खड्गे

नेवा: साँस्कृतिक पुच: हेटौंडाका सहयोगी तथा आत्मीय मित्र **आशालाल खड्गे**ज्यूको असामयिक निधन भएकोमा हामी ज्यादै मर्माहत् भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामनासहित श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**(अध्यक्ष)**
**सुनकुमार मानन्धर**
एवम्
**नेवा: साँस्कृतिक पुच:, परिवार**
हेटौंडा-१०


अनुसूची-१

हेटौंडा उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

हेटौंडा, मकवानपुर

## दुग्ध सहकारीलाई ५० प्रतिशत लागत साझेदारीमा मेसिनरी औजार अनुदान वितरणका लागि प्रस्ताव आब्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति (२०८२।१२।०६ गते)*

दुध उत्पादनमा संलग्न कृषकहरुमा दुधको उत्पादन तथा उत्पादकत्व बढाई हेटौंडा उपमहानगरपालिकालाई दुधमा आत्मनिर्भर बनाउने एवम् दुधमा गुणस्तर र स्वच्छता कायम गर्ने उद्धेश्यका साथ दुग्ध सहकारीलाई मेसिनरी औजार अनुदानका अन्तर्गत चालु आ.ब. २०८२/०८३ का लागि स्वीकृत दुग्ध सहकारीलाई ५० प्रतिशत अनुदानमा मेसिनरी औजार-चिलिङ भ्याट, मिल्क एनालाइजर, स्टिल क्यान, जेनेरेटर आदी अनुदान वितरण कार्यक्रममा सहभागी हुन इच्छुक नगरभित्र रहेका दुध संकलन, प्रशोधन र वितरण गर्ने दुग्ध सहकारी संस्था, दुध संकलन, प्रशोधन र वितरण कार्यमा संलग्न बहुउद्देश्यीय सहकारी, साना किसान सहकारी र कृषि सहकारी संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र कार्यालय समयमा तपसिल बमोजिमको कागजातहरु संलग्न राखी यस कार्यालयको सहकारी नियमन शाखामा अनुसूची-२ बमोजिमको ढाँचामा आबेदन दर्ता गर्नुहुन यो प्रस्ताब आब्हानको सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबहरु छनौटका लागि समाबेशन हुने व्यहोरा समेत जानकारी गराइन्छ । (सूचनाको विस्तृत जानकारीका लागि हेटौडा उपमहानगरपालिकाको वेवसाइट www.hetaudamun.gov.np मा हेर्नु होला)

निवेदन QR बाट Download गर्नुहोला

बिस्तृत जानकारीका लागि

**हेटौंडा उपमहानगरपालिका**

सहकारी नियमन शाखा

०५७-५२४५४०




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना